बागमती प्रदेश
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

# पशुपन्छी तथा मत्स्य व्यवसायीहरुका लागि विद्युत खपत महशुलमा सहुलियत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

स्वीकृत मिति: २०८१/०७/०५

**प्रस्तावना:** पशुपन्छी तथा मत्स्य व्यवसायीहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न, उत्पादन लागत घटाउनका साथै उत्पादन र उत्पादकत्त्वमा वृद्धि गरी, कृषि क्षेत्रमा प्रदेशलाई आत्मनिर्भर बनाउन आवश्यक भएकोले पशुपन्छी तथा मत्स्यजन्य व्यवसाय गर्दा खपत हुने बिजुली महशुलमा सहुलियत प्रवाह गर्न र कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) अनुसार मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " **पशुपन्छी तथा मत्स्य व्यवसायीहरुका लागि विद्युत खपत महशुलमा सहुलियत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१**" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा,

(क) **"कार्यक्रम"** पशुपन्छी तथा मत्स्य व्यवसायीहरुका लागि विद्युत खपत महशुलमा सहुलियत सम्बन्धी स्वीकृत बजेट तथा कार्यक्रम सम्झनु पर्छ।

(ख) **"कार्यालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मातहतको पशु सेवा कार्यालय सम्झनु पर्छ ।

(ग) **"निर्देशनालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(घ) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(ङ) **"मन्त्रालय"** भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश सम्झनु पर्छ ।

(च) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ अनुसार गठित समितिलाई सम्झनु पर्छ ।

(छ) **"साझेदार संस्था"** भन्नाले सम्बन्धित कार्यालय वा निर्देशनालयबाट सञ्चालन हुने कार्यक्रमका लागी छनौटमा परी सम्झौता गर्ने कृषक/नीजि फार्म/कम्पनी/कृषक समूह/सहकारी सम्झनु पर्छ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

(ज) **“आवेदक”** भन्नाले कार्यक्रम सञ्चालन गर्न ईच्छुक कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म/कम्पनी सम्झनु पर्छ । सो शब्दले वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भएको खण्डमा कुनै विशेष सहकारी, महासंघ भएमा सोलाई मात्र जनाउँदछ ।

३. <u>**उद्देश्य:**</u> यस कार्यविधिको उद्देश्य निम्न बमोजिम हुनेछः-

(क) पशुपन्छी तथा मत्स्य व्यवसायीहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,

(ख) उत्पादन लागत घटाई कृषकहरुको मुनाफा दर बढाउने,

(ग) कृषि क्षेत्रको व्यवसायिकरणमा टेवा पुर्याउने।

## परिच्छेद -२

## <u>संस्थागत व्यवस्था</u>

४. **मूल्याङ्कन समितिः** प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतीका लागि निर्देशनालयमा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| निर्देशक वा निजले तोकेको अधिकृत, निर्देशनालय | संयोजक |
| अधिकृत प्रतिनिधी, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| योजना अधिकृत, निर्देशनालय | सदस्य |
| प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | सदस्य |
| प्रमुख, खरिद ईकाई, निर्देशनालय | सदस्य सचिव |

<u>नोटः</u> समितिले आवश्यक ठानेमा बढिमा ३ जना विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

५. <u>**अनुगमन तथा मूल्याङ्कनः**</u> यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्यकता अनुसार गर्नेछ ।

## परिच्छेद -३

## <u>कार्यक्रम सञ्चालन प्रक्रिया</u>

६. <u>**कार्यक्रम सञ्चालनः**</u> यो कार्यक्रम बागमती प्रदेशका १३ वटै जिल्लामा लागु हुनेछ।

७. **आवेदन माग गर्ने:** (१) यो कार्यक्रममा सहभागी हुन कृषक/व्यवसायीहरुबाट आवेदन पेश गर्न निर्देशनालयले ३० दिनको समय दिई राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची १ बमोजिम सूचना प्रकाशन गरी आवेदन माग गर्नेछ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा निर्देशनालयले पुनः १५(पन्ध्र) दिनको समय सीमा राखी १ (एक) पटकको लागि प्रस्ताव आव्हानको सूचना प्रकाशन गर्न सक्नेछ।

८. **आवेदन दर्ता:** कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक/ व्यवसायीहरुले दफा ७ बमोजिमको समय अवधिभित्र अनुसूची-१ बमोजिमको सूचनामा माग गरिएको कागजात सहित अनुसुचि-२ बमोजिमको आवेदन-पत्र र अनुसूची-३ बमोजिमको प्रस्ताब साथ निर्देशनालय वा निर्देशनालयले तोकेको सम्बन्धित कार्यालयमा दर्ता गर्न सक्नेछन्।

९. **आवेदकको छनौट तथा सिफारिस:** मूल्याङ्कन समितिले आवेदकहरुको आवेदन र संलग्न कागजातको आधारमा आवेदकहरुलाई यस कार्यक्रमको लागि सुचीकृत गर्न योग्य भए नभएको निर्देशनालयलाई सिफारिस गर्नेछ।

१०. **सूचीकरण एबं प्रस्तावकलाई जानकारी:** निर्देशनालयले योग्य आवेदकहरुलाई सुचीकृत गरि निर्णय भएको मितिले ७ दिन भित्र जानकारी दिनु पर्नेछ।

## परिच्छेद -४

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

११. **साझेदार रकम:** पशुपन्छी तथा मत्स्य व्यवसायका विभिन्न क्रियाकलापहरु संचालन गर्दा चालु आ.व को श्रावन देखि चैत्र मसान्तसम्म तिरेको विद्युत खपत महशुलमा बढिमा ५०% सहुलियत उपलब्ध गराइने छ। सो को लागि सुचीकृत भएका आवेदकहरुले श्रावण देखि चैत्र मसान्तसम्म तिरेको विद्युत महशुलको विलसहित, रकम भूक्तानीको लागि अनुसूची -४ बमोजिमको निवेदन पत्र सहित निर्देशनालय वा कार्यालयमा बैशाख १५ भित्र पेश गर्न सक्नेछन् र सो पश्चात उपलब्ध भएका निबेदन उपर आवश्यक कारबाही गरिनेछैन ।

१२. सुचीकृत भएका आवेदकहरुले चालु आ.व को श्रावण देखि चैत्र मसान्तसम्मका लागि सहुलियत प्राप्त गर्न सक्नेछन्।

१३. निर्देशनालयले भूक्तानी दिने सहुलियत रकम स्वीकृत कार्यक्रमको बजेटको परिधीभित्र रही आवेदकले उपलब्ध गराएको बैंक खातामा जम्मा गर्नेछ ।

१४. विनियोजित बजेटभन्दा बढी माग भएको खण्डमा निर्देशनालयले दामासाही रुपले सहुलियत रकम प्रदान गर्न सक्नेछ ।

१५. साझेदारले सम्झौता बमोजिम सहुलियत रकम लिई दुरुपयोग गरेको पाईएमा प्रदेश सरकारबाट प्राप्त सहुलियत रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र २ वर्षसम्म प्रदेश सरकारवाट सञ्चालन हुने अनुदान तथा सहुलियत कार्यक्रममा समावेश गरिने छैन।

## परिच्छेद – ५
## कृषक/व्यवसायिहरुले पालना गर्नुपर्ने मापदण्डहरु

१६. <u>मत्स्यपालक कृषक/व्यवसायिहरुलाई विद्युत खपत महशुलमा ५० प्रतिशत सहुलियत</u>

(१)मत्स्यपालक कृषक/व्यवसायिहरुले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनुपर्नेछः

(क) व्यवसायीक रुपमा कम्तीमा ५ कठ्ठामा माछापालन (रेन्बो ट्राउटको हकमा कम्तिमा ५०० वर्ग मि Raceway को विचमा निर्मित कुलो) गरेको हुनु पर्नेछ।

(ख) माछा पोखरीमा खपत हुने बिजुलीका लागि साझेदार संस्थाको नाममा विद्युत मिटर जडान गरिएको हुनुपर्ने वा साझेदार संस्थाले माछापालनको लागि प्रयोग गरेको भनि विद्युत प्राधिकरणबाट सिफारिस पत्र प्राप्त गरेको हुनुपर्ने ।

(ग) अन्य प्रयोजनको लागि विद्युत महशुलमा सहुलियत उपलब्ध गराइने छैन।

(२) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परे मूल्याङ्कन समितिले तयार गरी एक तह माथिको निकायवाट स्वीकृत गराई लागू गर्न सक्नेछ ।

१७. <u>फ्लोटिङ्ग फिस फिड उद्योगलाई विद्युत खपत महशुलमा ५० प्रतिशत सहुलियत</u>

(१) फ्लोटिङ्ग फिस फिड उद्योगी/व्यवसायिहरुले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

४

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

(क) फ्लोटिङ्ग फिस फिड उद्योगमा खपत हुने बिजुलीका लागि साझेदार संस्थाको नाममा विद्युत मिटर जडान गरिएको हुनुपर्ने वा साझेदार संस्थाले सो उद्योगका लागि प्रयोग गरेको भनि विद्युत प्राधिकरणबाट सिफारिस पत्र प्राप्त गरेको हुनुपर्नेछ।

(ख) साझेदार संस्थाले सुचना प्रकाशन भएको मितिमा सम्बन्धित निकायमा दर्ता भएको कम्तिमा एक वर्ष पुरा भई कारोवार गरेको हुनुपर्नेछ।

(ग) अन्य प्रयोजनको लागि विद्युत महशुलमा सहुलियत उपलब्ध गराइने छैन।

२) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परे मूल्याङ्कन समितिले तयार गरी एक तह माथिको निकायवाट स्वीकृत गराई लागू गर्न सक्नेछ ।

१८. <u>सहकारीवाट सञ्चालित दुग्ध चिस्यान केन्द्रहरुलाई विद्युत खपत महशुलमा ५० प्रतिशत सहुलियत</u>

१) सहकारीवाट सञ्चालित दुग्ध चिस्यान केन्द्रहरुले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड पुरा गरेको हुनु पर्नेछः-

(क) दुग्ध चिस्यान केन्द्रहरुमा खपत हुने बिजुलीका लागि साझेदार संस्थाको नाममा विद्युत मिटर जडान गरिएको हुनुपर्ने वा साझेदार संस्थाले दुग्ध चिस्यानको लागि प्रयोग गरेको भनि विद्युत प्राधिकरणबाट सिफारिस पत्र प्राप्त गरेको हुनुपर्ने।

(ख) प्रस्तावक संस्थाले दैनिक कम्तिमा २५० लि. दुध संकलन गरी कारोवार गरेको हुनुपर्नेछ।

(ग) साझेदार संस्थाले सुचना प्रकाशन भएको मितिमा सम्बन्धित निकायमा दर्ता भएको एक वर्ष पुरा भई वार्षिक कम्तिमा ३०० दिनसम्म कारोवार एवं संचालन गरेको हुनुपर्नेछ।

(घ) साझेदार संस्थासँग कम्तिमा ५०० लि. क्षमताको चिलिङ भ्याट हुनुपर्ने र उक्त भ्याट संचालनमा रहेको हुनुपर्नेछ।

(ङ) अन्य प्रयोजनको लागि विद्युत महशुलमा सहुलियत उपलब्ध गराइने छैन।

२) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परे मूल्याङ्कन समितिले तयार गरी निर्देशनालयबाट स्वीकृत गराई लागू गर्न सक्नेछ ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## परिच्छेद -६
## विविध

१९. **प्रगति प्रतिवेदनः** (१) सहुलियत प्राप्त गर्ने साझेदार संस्थाले त्रैमासिक रुपमा प्रगति प्रतिवेदन निर्देशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा पठाउनु पर्नेछ। (२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन त्रैमासिक तथा वार्षिक रुपमा संग्रहित गरी कार्यालयले निर्देशनालयमा पठाउनु पर्नेछ ।

२०. **संशोधनः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ। आर्थिक दायित्व/बिषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई संशोधन गरिनेछ।

२१. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका बुदाँहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची -१

(दफा ७ संग सम्वन्धित )

<u>प्रस्ताव आह्वानको सूचना</u>

कृषि तथा पशुपन्छी विकास मन्त्रालय बागमती प्रदेश सरकार हेटौंडा, नेपाल

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडाद्वारा आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेख भए बमोजिमका क्रियाकलापहरुमा विद्युत खपत महशुलमा सहुलियत कार्यक्रम रहेको हुँदा साझेदारी गर्न इच्छुक कृषक/ व्यवसायीहरुले यो सूचना प्रकाशित भएको ३० औं दिनसम्ममा कार्यालय समयभित्र आईपुग्ने गरी अनुसूचि-२ बमोजिम दिईएको आवेदन-पत्र साथ तपसिल बमोजिमका कागजात संलग्न गरी निर्देशनालयमा वा निर्देशनालयले तोकेको कार्यालयमा दर्ता गर्नुहुन प्रस्ताव आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ । पूनश्चः कार्यक्रम सम्बन्धी विस्तृत विवरण निर्देशनालयको सूचना पाटीमा हेर्न सकिने छ ।

तपसिलः

१. रु १०। को टिकट टाँसेको अनुसूचि-२ अनुसारको आवेदन,

२. सम्बन्धित निकायमा संस्था दर्ता प्रमाण पत्र, PAN दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्र,

३. सम्बन्धित स्थानीय तहबाट उद्धेश्य अनुसार विद्युत प्रयोग भईरहेको व्यहोरा उल्लेख भएको ग्राहक नम्बरसमेत खुल्नेगरी सिफारिसपत्र,

४. दुग्ध चिस्यान/माछापालन/उद्योगमा खपत हुने विजुलीका लागि आवेदकको नाममा विद्युत मिटर जडान गरिएको प्रमाण वा आवेदकले प्रयोग गरेको भनि विद्युत प्राधिकरणबाट सिफारिस पत्र,

५. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए करार सम्झौता पत्र वा नवीकरण भएको प्रमाण र चिस्यान केन्द्र/मत्स्यजन्य व्यसाय/उद्योगको प्रष्ट देखिने फोटो ,

६. कृषकको हकमा नेपाली नागरिकताको प्रतिलिपि र सहकारी संस्थाको हकमा अध्यक्षको नागरिकताको प्रतिलिपि

७. अघिल्लो आर्थिक बर्षको विद्युत महसुल तिरेको रसिदको प्रतिलिपी ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची - २
(दफा ८ संग सम्वन्धित )

**आवेदन-पत्र**

मितिः

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
बागमती प्रदेश, हेटौंडा मकवानपुर ।
मार्फत, श्री पशु सेवा कार्यालय,

**विषयः-** अनुदान सहयोग उपलब्ध गराई पाऊँ ।

महोदय,

तहाँ निर्देशनालयबाट मिति .................... मा प्रकाशित सूचना अनुसार विद्युत खपत महशुलमा सहुलियत कार्यक्रम रहेकोले मैले/मेरो संस्थाले विगत देखी माछापालन गर्दै आइरहेकोले सूचनामा उल्लेख भए अनुसारका कागजात राखी नियमानुसार सहुलियत कार्यक्रमको लागि सुचीकृत गराई पाउँ भनि यो निवेदन पेश गरेको छु। मैले निवेदनका साथ बुझाएको विवरण ठिक/साँचो हो भनि प्रतिबद्धता समेत जाहेर गर्दछु।

निवेदन पेश गर्नेकोः
दस्तखत/मितिः
नाम/पदः
संस्थाको नाम/ठेगानाः
संस्थाको छापः

२०८१।०८।२८
माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची -३

(दफा ८ सँग सम्बन्धित)

प्रस्ताव नमुना

१. विवरण

| विवरण | |
|---|---|
| प्रस्तावित कार्यक्रमको नाम | ..................विद्युत महशुलमा सहुलियत कार्यक्रम |
| कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना | |
| आवेदकको नाम र ठेगाना | |
| सम्पर्क टेलिफोन/मोबाइल नं. र इमेल | |
| खाता रहेको बैंकको नाम र ठेगाना | |
| खाता नं | |

२. प्रस्तावित ब्यवसायको सुरुवाती विवरण

३. हाल संचालन भईरहेका क्रियाकलापहरु

४. वार्षिक रुपमा हुने उत्पादन/कारोवारको विवरण

| क्र. सं. | उत्पादन/कारोवार हुने बाली/वस्तु | परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

५. ब्यवसायको निरन्तरता/दिगोपनाका आधारहरु

यस प्रस्तावमा उल्लेख गरिएका विवरणहरु म/हामीले जानुबुझेसम्म साँचो हो । अन्यथा कानुन बमोजिम सहुँला/बुझाउँला भनी प्रस्तावको सवै पानामा सही छाप गर्नेः

दस्तखतः

नाम थरः

पदः

सम्पर्क नः

संस्थाको हकमा छापः

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची -४

(दफा ११ संग सम्वन्धित )

<u>भुक्तानी निवेदन पत्र</u>

मितिः

श्रीमान् निर्देशक ज्यू,
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,
बागमती प्रदेश, हेटौंडा मकवानपुर ।
मार्फत, श्री पशु सेवा कार्यालय,

विषयः- भुक्तानी उपलब्ध गराई पाऊँ ।

महोदय,

तहाँ निर्देशनालयबाट मिति ..................... मा प्रकाशित सूचना अनुसार विद्युत खपत महशुलमा सहुलियत कार्यक्रममा सुचीकृत भई उक्त कार्यक्रम अनुसार मिति २०८१/०४/०१ देखि मिति २०८१/१२/३१ सम्मको ......... रकम भुक्तानी पाउँ भनि विद्युत महशुल तिरेको विल सहित यो निवेदन पेश गरेको छु।

**संलग्न कागजातः**
विद्युत महशुल तिरेको विल
चेकको प्रतिलिपि

निवेदन पेश गर्नेकोः
दस्तखत र मितिः
नाम/थरः
पदः
संस्थाको नाम र ठेगानाः
संस्थाको छापः



माननीय प्रकाश श्रेष्ठ
मन्त्री